# दुर्गा भगवती गाउँपालिका

# स्थानीय राजपत्र

**दुर्गा भगवती गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : १, संख्या : ६, मिति : २०८१/११/२१**


# भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

### वि.सं. २०८१ सालको ऐन नं.६

## दुर्गा भगवती गाउँपालिका शिक्षा ऐन, २०८१

**प्रमाणीकरण मिति : २०८१।०४।१५**

**प्रस्तावना :** नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र दुर्गा भगवती गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१), अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) खण्ड (ज) बमोजिम दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दुर्गा भगवती गाउँपालिका शिक्षा ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन दुर्गा भगवती गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले दुर्गा भगवती गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको दुर्गा भगवती गाउँपालिका सम्झनु पर्छ ।

(ग) "गाउँ सभा" भन्नाले दुर्गा भगवती गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले दुर्गा भगवती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुर्गा भगवती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद हेर्ने कार्यालय/शाखा/उपशाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद कार्यालय/शाखा/उपशाखा/ईकाइको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ज) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनुपर्छ जसले प्रारम्भिक बाल शिक्षा केन्द्र वा बालविकास केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि समेतलाई बुझाउने छ ।

(झ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ञ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ट) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ठ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ड) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ र सो शब्दबाट सार्वजनिक विद्यालय समेतलाई जनाउनेछ ।

(ढ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ण) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(त) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय/सार्वजनिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(थ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (झ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(द) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (झ) र (ञ) वा खण्ड (ञ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ध) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(न) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(प) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ब) "अनुमति" भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(भ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकारले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(म) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(य) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(र) "गाउँ शिक्षा समिति" भन्नाले यसै दुर्गा भगवती गाउँपालिका शिक्षा ऐन, २०७९ को दफा १९ बमोजिम गठन भएको शिक्षा सम्बन्धी समितिलाई सम्झनु पर्छ ।

(ल) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(व) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(श) "अनौपचारिक शिक्षा" भन्नाले विद्यालय शिक्षाबाट वञ्चित विभिन्न उमेर समुहका प्रौढ, महिला र युवालाई साक्षर गराउने, वैकल्पिक विद्यालय शिक्षामार्फत विद्यालय जाान नपाउने र बीचैमा विद्यालय छाडनेहरुलाई विद्यालयको शिक्षाको अवसर प्रदान गर्ने शैक्षिक कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ष) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।

(स) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ह) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने :** (१) गाउँपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ। त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय निजी, शैक्षिक गुठी वा सहकारी कुन रूपमा सञ्चालन गर्ने हो, सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शिक्षा, युवा तथा खेलकुद शाखा वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पूरा गरेमा गाउँ कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) शैक्षिक गुठी तथा सहकारी विद्यालय दर्ता :

(क) शैक्षिक गुठीको रूपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) निजी स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (२) बमोजिम हुनेछ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा ९ बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **अनुमति वा स्वीकृती रद्द गर्नेः** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि , मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरीत काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति गाउँपालिकाले रद्द गर्नेछ ।

५. **विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा वन्द गर्न सक्ने :** (१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) गाउँपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) गाउँपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(५) तोकिएको पूर्वाधार पूरा गरेको पाइएमा गाउँपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्थाः** प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

८. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** (१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाइ र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाइ केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **विद्यालयको वर्गीकरण** : विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

१०. **साझेदारीमा विद्यालय सञ्चालन गर्नसक्नेः** (१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरुबीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. व्यक्तिगत सिकाइ : (१) गाउँ कार्यपालिकाले गाउँ भित्रका निरक्षर व्यक्तिहरुलाई मा.वि. विद्यालयमा अध्ययनरत मा.वि.स्तरका विद्यार्थीहरुबाट "एक मा.वि.स्तरको विद्यार्थीबाट एक निरक्षर व्यक्ति साक्षर" अभियान संचलन गरी साक्षरता अभियान सञ्चालन गर्न सक्नेछ ।

(२) व्यक्तिगत सिकाइ सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

१३. **शिक्षाको प्रकारः** (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षाः (१) साधारण शिक्षा, (२) परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षाः (१) साधारण शिक्षा, (२) परम्परागत धार्मिक शिक्षा र (३) प्राविधिक तथा व्यवसायिक शिक्षा

१४. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्वन्धि व्यवस्था गाउँपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**१५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** १) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानुन, प्रदेश कानुनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**१६. परीक्षाको सञ्चालन र व्यवस्थापनः** (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तह उत्तीर्ण परीक्षा समिति : आधारभूत तह उत्तीर्ण परीक्षाको सञ्चालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभूत तह उत्तीर्ण परीक्षा समिति हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत, - अध्यक्ष

(ख) शिक्षा अधिकृत, - सदस्य

(ग) गाउँपालिका भित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तिमा एकजना महिला सहित परीक्षा समिति द्वारा मनोनित गरेका दुईजना - सदस्य

(घ) गाउँपालिका भित्रका संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट परीक्षा समितिद्वारा मनोनित गरेका एकजना -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा, युवा तथा खेलकुद शाखा वा कार्यालयको अधिकृत वा शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी -सदस्य-सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) गाउँपालिकाले तोकेको न्युनतम शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समूहगत रूपमा सञ्चालन गर्न अनुमति दिने,

(ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

(घ) यस परिक्षा समितिले गाउँपालिका क्षेत्रभित्रका सरकारी, सामुदायिक, संस्थागत, सहकारी, शैक्षिक गुठी अन्तर्गतका सवै विद्यालयहरुको बालविकास केन्द्र देखि कक्षा ९ सम्मको वार्षिक परीक्षाको लागि प्रश्नपत्र निर्माण, उत्तरपुस्तिाका छपाइ तथा वितरण एवं अनुगमन, नियमन कार्य गर्ने ।

(ङ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

(च) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(छ) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

(ज) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(झ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(ञ) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

(ट) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले तोकेबमोजिमको अन्य कार्य गर्ने ।

(ठ) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद -४

## गाउँ शिक्षा, युवा तथा खेलकुद शाखा, शिक्षा समिति, र शिक्षक छनौट समिति सम्वन्धी व्यवस्था

**१७. शिक्षा, युवा तथा खेलकुद् शाखा :**(१) गाउँ कार्यपालिकाले गाउँपालिका अर्न्तगत एक शिक्षा, युवा तथा खेलकुद् शाखा स्थापना गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिम स्थापना हुने शाखाको प्रमुखको रूपमा शिक्षा अधिकृत रहनेछन् ।

**१८. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार :**

(क) गाउँपालिका क्षेत्र भित्रका विद्यालय, विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरूको र विद्यार्थीहरुको अभिलेख अद्यावधिक गर्ने ।

(ख) विद्यालयका प्रधानाध्यापकलाई विद्यालय सुधार योजना बनाई पेश गर्न लगाउने र कार्यान्वयनको लागि निर्देशन गर्ने ।

(ग) प्रत्येक विद्यालयहरुको महिनामा एक पटक निरीक्षण गर्ने आवश्यक निर्देशन दिने ।

(घ) विद्यालय निरीक्षकलाई नियमित रूपमा विद्यालय निरीक्षण गर्न निर्देशन दिने ।

(ङ) गाउँपालिका अन्तरगत रहेका संस्थागत, सामुदायिक विद्यालय, बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र, विद्यालय बाहिर सञ्चालन हुने ट्युसन, कोचीङ्ग सेन्टरहरुको पठनपाठन, परीक्षा, अतिरिक्त क्रियाकलाप आदिको निरीक्षण, अनुगमन गर्ने र शैक्षिक प्रशासनिक कार्य गर्ने ।

(च) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(छ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानुन बमोजिम कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी गाउँपालिकालाई दिने तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विषयमा

कारवाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो रायसहितको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ज) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना गाउँमा वा काम, कर्तव्य पूरा गाउँमा प्रचलित कानुन बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेड वृद्धि रोक्का गर्न वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्न गाउँपालिका समक्ष विभागीय कारवाहीको लागि सिफारिस गर्ने,

तर यसरी विभागीय कारवाही अगाडि बढाउँदा सफाइको मनासिब मौका दिनुपर्नेछ ।

(झ) शिक्षकहरुलाई तालिम दिने र तालिममा सरिक गराउने,विषयप्रति जवाफदेही बनाउने,

(ञ) ऐन बमोजिमको कसूर गर्नेलाई सजाँय गर्ने र आधिकार नभएकोमा सजायको लागि सिफारिस वा रायसहितको प्रतिवेदन पेश गर्ने,

(ट) गाउँ शिक्षा समितिको सदस्य सचिव भइ कार्य गर्ने,

(ठ) सङ्घीय कानुन, प्रदेश कानुन र गाउँपालिकाले लागू गरेको स्थानीय कानुन बमोजिम कार्य गर्ने,

(ड) विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ढ) शिक्षा अधिकृतको अन्य काम कर्तव्य, र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१९. गाउँ शिक्षा समिति** : १) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) दुर्गा भगवती गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) दुर्गा भगवती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट महिला र दलित समुदायको प्रतिनिधत्व हुनेगरी गाउँपालिका अध्यक्षले तोकेको दुईजना - सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(छ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ज) शिक्षा अधिकृत - सदस्य सचिव

(२) समितिमा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण गाउँको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन ।

(३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार:** प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रूपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) विद्यालय व्यवस्थापन समितिको गठन गर्ने, विद्यालय व्यवस्थापन समितिको गठन नभएको वा अवधि समाप्त भइ अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा विद्यालय व्यवस्थापन समितिबाट अनिवार्यरुपमा सम्पादन हुने कार्यहरु गर्ने ,

(ङ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(च) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(छ) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(ज) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(झ) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(ञ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ट) गाउँपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्ति लाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ठ) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ड) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ढ) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सो को लागि पुरस्कारको व्यवस्था गर्ने,

(ण) गाउँपालिकाको प्रशासनिक क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

(त) गाउँपालिकाको प्रशासनिक क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(थ) विद्यालयहरुको विपद् जोखिमको अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्य योजना तयार गर्ने,

(द) विद्यालय शिक्षामा सुधारका लागि गाउँ शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि गाउँ सभामा पेस गर्ने,

(ध) गाउँपालिकाको प्रशासनिक क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(न) गाउँपालिकाको प्रशासनिक क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(प) कुनै शिक्षक वा कर्मचारीलाई ऐन, नियमावली, निर्देशिका र कार्यविधि बमोजिम शिक्षा अधिकृत र विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यवाही गर्ने, गराउने,

(फ) गाउँको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(ब) विद्यालय नक्सांकन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

(भ) गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सम्बन्धित विद्यालयको स्रोतबाट तलब भत्ता पाउने गरी वा गाउँपालिकाले अनुदान प्रदान गर्ने भनि व्यवस्था भएकोमा आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(म) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने,

(य) विद्यालयको सामाजिक परीक्षण गराउने,

(र) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२०. गाउँ शिक्षा समितिको बैठक** : (१) गाउँ शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ

**२१. शिक्षक छनौट समिति :** (१) गाउँ शिक्षा समितिले गाउँपालिकाभित्र रहेका विद्यालयहरुमा रिक्त रहेको नेपाल सरकारको स्वीकृत दरबन्दी वा अनुदान कोटा/राहत कोटाका शिक्षक, कर्मचारी, विद्यालय सहयोगी तथा बालविकास सहजकर्ताको विद्यालयले छनौट गरी नियुक्त गर्न अनुमति पाएको समय सिमा भित्र छनौट गरी नियुत्त गर्न नसेकमा वा विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भइ अर्को विद्यालय व्यवस्थापन समिति गठन भइ नसकेको अवस्थामा सो रिक्त दरबन्दी, अनुदान कोटा, राहत कोटा, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा बालविकास सहजकर्ता र गाउँपालिकाको आफ्नै श्रोतबाट स्वयंसेवक शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र बालविकास केन्द्रमा सहजकर्ता करारमा नियुक्त गर्नुपर्ने भएमा विद्यालयको लागि योग्य शिक्षक, कर्मचारी, विद्यालय सहयोगी र बालविकास केन्द्र वा बालशिक्षा केन्द्रको लागि योग्य सहजकर्ताको छनौट गर्न देहाय बमोजिमको गाउँ स्तरीय शिक्षक छनौट समिति गठन गर्न सक्नेछ ।

(क) गाउँ कार्यपालिकाको अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) शिक्षा विज्ञ मध्येबाट २ जना - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको शिक्षक छनौट समितिले परीक्षा सञ्चालन गरी योग्य शिक्षक तथा कर्मचारीहरुको र बालविकास केन्द्र सहजकर्ताको योग्यता क्रम अनुसारको करार योग्यता सूचि प्रकाशन गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालयबाट शिक्षक तथा कर्मचारी छनौट गरी नियुक्त गर्न तोकिएबमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति हुनेछ ।

## परिच्छेद -५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२२. विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिल मनोनयन गरेको सदस्य - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँ उद्योग तथा वाणिज्य सङ्घका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छनौट गरेको सदस्य सो समिति को अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले तोकिएको समयभित्र उपदफा (३) बमोजिम अध्यक्ष छनौट गर्न नसकेमा गाउँ शिक्षा समितिले उपदफा (१) को खण्ड (क), (ख), र (ग) बमोजिमका सदस्यहरुमध्येबाट एक जना सदस्यलाई अध्यक्ष तोक्न सक्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) वडा शिक्षा समितिको अध्यक्ष र विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन अनिवार्यरुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला सहित दुईजना - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य - सदस्य

(घ) सम्बन्धित विद्यालय निरीक्षक - सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(८) उपदफा (१), (३) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गाउँको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ङ) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने, त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिनुपर्ने,

(च) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा अस्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकामा लेखी पठाउने र गाउँपालिकाको स्वीकृति लिइ ३५ दिनभित्र उक्त रिक्त दरबन्दीमा करार शिक्षक नियुक्त गरिसक्ने ।

(छ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(ज) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(झ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ञ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ट) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(ठ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आयव्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ड) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्ये कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ढ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(त) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(थ) गाउँपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(द) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(ध) विद्यालय स्रोतबाट तलब भत्ता लिने गरी नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख मार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागू गर्ने,

(न) गाउँपालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(प) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने ।

(फ) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने ।

(ब) गाउँपालिकाबाट स्वीकृत दरबन्दीका शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्ने,

(भ) तोकिएबमोजिम शिक्षक अभिभावक सङ्घ गठन गर्ने ।

(म) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(१०) संस्थागत विद्यालयको व्यवस्थापन समिति को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथाकर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ग) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलव भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लेखित काममा मात्र खर्च गर्ने,

(ञ) पालना गर्नुपर्ने आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई कारवाहीको लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ड) गाउँपालिकाले दिएका निर्देशन अनुरूप काम गर्ने ।

(ढ) तोकिए बमोजिम शिक्षक-अभिभावक सङ्घ गठन गर्ने ।

(ण) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(११) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा अधिकृतको सिफारिसमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको नीति विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन गाउँमा ।

तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र नियमानुसार विद्यालय

व्यवस्थापन समिति कार्य सञ्चालन गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढीमा ६ महिनाको हुनेछ ।

## परिच्छेद -६

## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाई छुट र सुविधा सम्वन्धी व्यवस्था

२४. **गाउँ शिक्षा विकास कोष** : (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याँउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा एउटा गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

२५. **कोष सञ्चालक समिति** :(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (२) बमोजिमको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२६. **विद्यालय कोष**: (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) विद्यालयको स्रोत तथा अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

२७. **अनुदानको व्यवस्था** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रको आधारमा गाउँपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई गाउँपालिकाले तोकिए बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

२८. **बालविकास केन्द्रलाई अनुदान दिन सक्ने**: गाउँपालिकाले बालविकास केन्द्र वा बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

२९. **शुल्क सम्वन्धी व्यवस्था:** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट विद्यार्थी भर्ना शुल्क, मासिक पढाई शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापतको रकम लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क गाउँ शिक्षा समितिले तोकेको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा गाउँपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयको प्रधानाध्यापकलाई गाउँपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

३०. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** (१) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको छत्रवृत्ति प्रदान गर्न बालबालिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्न तोकिएबमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

३१. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम आर्थिक रुपमा विपन्न, अशक्त, महिला, दलित विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नेछ। प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको छात्रवृत्तिको विवरण गाउँ शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

३२. **विद्यालयको सम्पत्ति** : (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने

भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको सिफारिसमा स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचविखन गर्न पाइने छैन ।

**३३. विद्यालयलाई छुट र सुविधाः** (१) प्रचिलत कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**३४. दरबन्दी मिलान :** (१) आवश्यक मापदण्ड सहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिले प्रत्येक वर्षको चैत्रभित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम गाउँ कार्यपालिका मातहत रहनेछ ।

(२) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुबाट दरबन्दी अपुग भएको विद्यालयहरुमा रिक्त रहेको दरबन्दीमा वा दरबन्दी सहित शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले दरबन्दी सार्न वा मिलान गर्न सक्नेछ ।

**३५. शैक्षिक योग्यता :** विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्र वा बाल शिक्षा केन्द्रको बाल शिक्षा सहजकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :**गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३७. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक कममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३८. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :** (१) दफा (४२) मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पुरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

३९. **शिक्षक तथा कर्मचारी नियुक्ति, स्थानान्तरण एवं सरुवा र बढुवा :** (१) विद्यालयमा रिक्त, करार, अनुदान (राहत), शिक्षण अनुदान, शून्य दरबन्दी अनुदान, गाउँपालिकाले अन्तरिक श्रोतबाट दरबन्दी स्वीकृत गरी नियुक्त गरिने स्वयंसेवक शिक्षक र बाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारी एवं विद्यालय सहयोगीको योग्यता, सेवा सर्त र नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) गाउँ शिक्षा समितिले शैक्षिक गुणस्तर कायम गर्न विद्यालयको आवश्यकता अनुसार गाउँपालिकाभित्र स्थायी, अस्थायी, करार, स्वयंसेवक शिक्षक, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षक तथा कर्मचारीको जुनसुकै बेला स्थानान्तरण गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) अन्य गाउँपालिकामा रेहेको विद्यालयमा सरुवा हुन चाहने शिक्षक शिक्षिकाको सम्बन्धमा सरुवा हुन चाहेको विद्यालय र कार्यरत विद्यालयको सहमति, विद्यालय व्यवस्थापन समितिको सिफारिस र गाउँ शिक्षा, युवा तथा खेलकुद शाखा वा कार्यालयको स्वीकृतिमा मात्र सरुवा हुन सक्नेछ ।

(४) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ । दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगको करार सूचीलाई पहिलो प्राथमिकता दिइनेछ ।

(५) शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएमा गाउँ शिक्षा समितिले प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई गाउँपालिकाभित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(६) करार सूचीमा सिफारिस उम्मेदवारलाई नियुक्ति गर्दा शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई पहिलो प्राथमिकता दिई शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार सम्पर्कमा नआएमा मात्र गाउँ शिक्षा समितिले प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई गाउँपालिकाभित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार तहगत विषयगत करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(७) शिक्षक तथा कर्मचारी, विद्यालय सहयोगी र बालविकास सहजकर्ता नियुत्ति सम्बन्धी अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आफ्नो श्रोत र विद्यालयको नीजि श्रोतमा शिक्षक तथा कर्मचारी, विद्यालय सहयोगी र बालविकास सहजकर्ताको स्थायी नियुक्त गर्न सक्नेछैन ।

(८) शिक्षकको बढुवा प्रयोजनका लागि तोकिए बमोजिमको पद निर्धारण गरिनेछ ।

४०. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** :(१) दफा (३८) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

(२) शिक्षक तथा कर्मचारीलाई तलब निकासा गर्दा प्रधानाध्यापकले हाजिरी प्रमाणित गरी गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

४१. **स्थायी आवासीय अनुमति लिन नहुने**: सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

४२. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ। सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा दुर्गा भगवती गाउँपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रूपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने सङ्गठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेशस्तर, जिल्ला स्तर, गाउँ स्तर र वडा स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

(४) यस ऐन विपरित कार्य गर्ने शिक्षक तथा कर्मचारीलाई आवश्यक अनुसन्धान गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले अनुसन्धान अवधि भरकालागि निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निलम्बन गर्दा निलम्बनको अवधि ३० दिन भन्दा बढीको हुनेछैन ।

## परिच्छेद-८
## विविध

४३. **प्रधानाध्यापकको नियुक्ति :** (१) विद्यालय शिक्षा सम्बन्धी संघीय कानूनले तोकेको मापदण्डको आधारमा यस ऐन अन्तर्गत बनेको नियमावली तथा कार्यविधिमा उल्लेखित प्रक्रियाबाट पालिका क्षेत्रभित्रका विद्यालयहरुमा प्रधानाध्यापकको नियुक्ति र पदस्थापना गाउँपालिका शिक्षा समितिको निर्णयबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापकको नियुक्तिपत्र र पदस्थापना प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(३) प्रधानाध्यापकको पदावधि सकिएको वा प्रधानाध्यापक नियुक्ति नभई सकेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको राय बुझी गाउँशिक्षा समितिको निर्णयबाट निमित्त प्रधानाध्यापकको नियुक्ति हुनेछ ।

४४. **आंशिक शिक्षक व्यवस्था गर्न सक्ने :** (१) विद्यार्थी शिक्षक अनुपात कम भएको र विषय शिक्षकको अभाव भएको अवस्थामा प्रति घण्टीको दरले पारिश्रमिक दिने गरी विद्यालय व्यवस्थापन समितिले गाउँ शिक्षा समितिको अनुमति लिइ आंशिक शिक्षक नियुक्त गरी पठनपाठन नियमित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आंशिक शिक्षकको व्यवस्थापन गर्न विद्यालय श्रोत नभएको विद्यालयमा आवश्यक रकम गाउँपालिकाले उपलब्ध गराउने छ ।

४५. **अन्तर विद्यालय स्वयंसेवक शिक्षक नियुक्त गर्न सक्ने** : (१) संघीय सरकार तथा प्रदेश सरकारबाट कम्प्यूटर विज्ञान, विज्ञान, गणित, संगित, नृत्य, योगा, खेलकुद अन्य प्राविधिक विषको विषयगत शिक्षकको व्यवस्था नभएको विद्यालयहरुमा एक भन्दा बढी विद्यालयमा सम्बन्धित विषयको नियमित अध्यापन गर्न गाउँपालिकाले अन्तर विद्यालय स्वयंसेवक शिक्षकको नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (२) बमोजिमको अन्तर विद्यालय स्वयंसेवक शिक्षकको व्यवस्थापन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद कार्यालयबाट हुनेछ ।

४६. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

४७. **विद्यालय वरपर मासु पसल, सुर्तीजन्य तथा मदिराजन्य विक्री वितरण पसल सञ्चानल गर्न नहुने :** (१) कुनै पनि विद्यालयको हाता (बाहिरी कम्पाउण्ड वाल) देखि ५० मीटर वरपर मासु पसल, सुर्तीजन्य तथा मदीराजन्य पसल सञ्चालन गर्न  गाउँपालिकाले आवश्यक मापदण्ड बनाइ रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य कसैले गरेमा तोकिए बमोजिमको कार्वाही हुनेछ ।

४८. **बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने** : (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन । तर बालबिज्याई गरेको अवस्थामा बालकलाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मानिने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

४९. **प्रगति विवरण बुझाउनु पर्ने:** संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

५०. **दण्ड सजाय:** १) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानुन विपरीतका अन्य कार्य गरेमा ।

(ञ) गलत सूचना तथा तथ्य लुकाइ झुठा विवरण पेश गरेमा

(ट) झुठा सिफारिस गरेमा

(३) कानुनबमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) सजाय सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५१. **पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

५२. **गाउँपालिकाले निर्देशन दिन सक्ने:** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पूरा गरेका संस्था, विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई अनुमति लगायतका आवश्यक निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालन गर्नु अनुमति पाएका संस्था, विद्यालय तथा विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५३. **नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कर्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु
(ख) विद्यालयको छात्रवृत्ति
(ग) विद्यालयलाई दिइने अनुदान
(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन र व्यवस्थापन
(ङ) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण तथा मूल्याङ्कन
(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान
(छ) विद्यालय नक्सांकन र समायोजन
(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग
(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन
(ञ) प्रारम्भिक बालशिक्षा केन्द्र व्यवस्थापन
(ट) विद्यालयको सह तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम
(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा
(ड) विद्यालयको नामाकरण
(ढ) विद्यालयमा छात्रावास सञ्चालन सम्बन्धी व्यवस्था
(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री
(त) विशेष तथा समावेशी शिक्षा
(थ) अनौपचारिक तथा निरन्तर शिक्षा
(द) दूर तथा खुला शिक्षा
(ध) गाउँ शिक्षा कोष
(न) विद्यालयको कोष
(प) विद्यालयको पुस्तकालय र वाचनालय
(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा
(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा
(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम
(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा
(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना
(ल) विद्यालयको परीक्षा
(व) गाउँस्तरीय पुस्तकालय र वाचनालय सञ्चालन सम्बन्धी व्यवस्था
(श) अभिभावक शिक्षा
(ष) व्यक्तिगत सिकाइ
(स) विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया
(ह) विद्यालय भौतिक पूर्वाधार मापदण्ड

५४. **संक्रमणकालीन व्यवस्था :** (१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

**५५. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५६. बचाउ र लागू नहुने :** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि भएगरेका काम कार्वाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(४) संविधान, सङ्घीय र प्रादेशिक कानुनसँग यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(५) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिँइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिनेछैन । तर यो व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

आज्ञाले,
नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

रु. २५/-

गाउँ कार्यपालिकाको कार्यालय